गंगादेव गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सानडाँडा, रोल्पा
२०७३
लुम्बिनी प्रदेश नेपाल

वेब: www.gangadevmun.gov.np
ई-मेल: gangadevmun@gmail.com
फोन: ९८६०६२३७३७/९८४५५७०४००

पत्र संख्या : २०७८/०७९
सूचना नं. ८३

## अपाङ्गता भएका बालबालिकाको लागि घुम्ति शिविर संचालन हुने सम्बन्धी सूचना ।

सूचना प्रकाशित मिति: २०७८/११/०९

प्रस्तुत विषयमा यस गाउँपालिकाको आयोजना तथा अपाङ्ग वाल अस्पताल पुनस्थापना बनेपाको सहकार्यमा यस गाउँपालिका अन्तर्गत रहेका १८ वर्ष सम्मका अपाङ्गता भएका बालवालिकाहरुको स्वास्थ्य तथा पुनस्थापना घुम्ती शिविर **मिति २०७८ फाल्गुन २४ गतेका दिन जिनावाङ स्वास्थ्य चौकी चौतारामा** हुने भएकोले उक्त शिविरमा यस गाउँपालिका भित्र रहेका सम्बन्धित लाभग्राहीलाई शिविरमा सहभागी गराई दिनुहुन अनुरोध छ ।

तपशिल:

१ जन्मजात खुट्टाको पैतला भित्र वा बाहिर फर्केको ।
२ आगोले पोलेर अंगहरु एक आपसमा टाँसिएको ।
३ खुट्टा लुलो वा कमजोर भएको ।
४ भाचिएर बाङ्गो वा हड्डी नजोडिएको ।
५ जोर्नि र घुडाको पाङ्ग्रा खुस्किएको ।
६ ढाड बाङ्गिएको वा कुप्रो भएको ।
७ जोर्निहरु दुखे र सुनिने समस्या भएको ।
८ हड्डि पाकेर लामो समयदेखि पिप आइरहेको ।
९ हड्डिको टि.वि. रोग लागेको ।
१० औलाहरु एक आपसमा टाँसिएको वा बढि भएको ।
११ कृतिम हात खुट्टा आवश्यक भएको ।
१२ शरिरमा भएका रडहरु निकाल्नु पर्ने व्यक्तिहरु ।
१३ हड्डि पलाएको वा गाठाँ गुठी भएको ।
१४ कृतिम हात खुट्टा चाहिने सम्पुर्ण उमेरका व्यक्तीहरु ।

पुनश्च: घुम्ती शिविरमा आउदा अस्पतालमा चेकजाँच गराएको रिपोर्ट, एक्स रे, कार्ड, लगाउन दिएका सहायक सामाग्री लिएर आउनुहोला ।

.........................
रणमाया कुमारी चौधरी
नि. प्रमुख प्रशासकीय अधिकृत
नि.प्रमुख प्रशासकिय अधिकृत